# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ माघ १७ गते २०५३ साल (अतिरिक्ताङ्क ५४ (छ)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐनको दफा २९ र ४९ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संस्था" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठन भएको परिषद् सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ङ) "पार्षद्" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउँछ।

(च) "सचिव" भन्नाले दफा ३८ बमोजिम नियुक्त भएको सचिव सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले यस ऐन बमोजिम संस्थामा नाम दर्ता गराई संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "चार्टर्ड एकाउन्टेन्ट" भन्नाले संस्था वा संस्थाबाट मान्यता प्राप्त अन्य कुनै चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(झ) "दर्तावाला लेखापरीक्षक (रजिष्टर्ड अडिटर)" भन्नाले लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम लेखापरीक्षकको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "लेखा व्यवसायी" भन्नाले लेखा व्यवसाय गर्ने यस ऐन बमोजिम लेखा व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

१०५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद –२

## संस्थाको स्थापना र व्यवस्था

संस्थाको स्थापना (१) लेखा व्यवसायको विकास गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको नामबाट एउटा संस्थाको स्थापना गरिएको छ ।

(२) संस्थालाई अंग्रेजी भाषामा "द इन्स्टिच्यूट अफ चार्टर्ड एकाउन्टेन्टस् अफ नेपाल" भनिनेछ ।

(३) संस्थाको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र संस्थाले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र जुनसुकै स्थानमा आफ्नो प्रशिक्षण केन्द्र तथा शाखा उपशाखा कार्यालयहरु खोल्न सक्नेछ ।

४. संस्था स्वशासित संस्था हुने : (१) संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्थाको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

9086



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>संस्थाको उद्देश्य</u> : संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखा व्यवसायको सुदृढीकरण गरी विकसित गर्दै लैजान सदस्यलाई आचार संहिताको परिधिभित्र रही लेखा व्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने ।

(ख) लेखाको महत्व र सदस्य तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्ने ।

(ग) लेखा व्यवसाय र लेखाको महत्व प्रति सदस्य तथा लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्ने ।

(घ) लेखा व्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखा व्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरुप विकसित गर्ने ।

६. <u>संस्थाको नाम, चिन्ह र अधिकार अन्य कसैले प्रयोग गर्न नपाउने</u> : यस ऐन बमोजिम संस्थाको स्थापना भए पछि कुनै व्यक्तिले संस्थाको नामसंग मिल्दोजुल्दो नाम वा चिन्ह प्रयोग गर्न वा संस्थाले प्रदान गर्ने कुनै पनि किसिमको प्रमाणपत्र कसैलाई दिन वा संस्थाको तर्फबाट कसैलाई कुनै पनि किसिमको निर्देशन दिने लगायत संस्थाले प्रयोग गर्न पाउने कुनै पनि किसिमको अधिकारको प्रयोग गर्न पाउने छैन ।

१०५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद -३
## परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

७. परिषदको गठन : (१) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन र संस्थाको सम्पूर्ण काम कारबाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक परिषद् गठन हुनेछ ।

(२) यस ऐनमा अन्यत्र अन्य व्यवस्था भएकोमा बाहेक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विनियमका अधीनमा रही संस्थालाई भएको सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(३) परिषद्मा देहायका पार्षद्हरु रहनेछन् :-

(क) संस्थाको सदस्यता प्राप्त गरेका चार्टर्ड एकाउन्टेन्टहरु मध्येबाट निर्वाचित दशजना - सदस्य

(ख) संस्थाको सदस्यता प्राप्त गरेका दर्तावाला लेखापरीक्षकहरु मध्येबाट निर्वाचित चारजना - सदस्य

(ग) महालेखा परीक्षकको सिफारिशमा श्री ५ को सरकारले लेखा सम्बन्धी अनुभव भएका व्यक्तिहरु मध्येबाट मनोनीत गरेका तीन जना - सदस्य

(४) उपदफा (३) को खण्ड (क) बमोजिमका पार्षद्हरु मध्ये वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट (एफ.सी.ए.) हरुबाट पार्षद्हरुले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछन् ।

१६१००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।